# एनआईसी एशिया बैंक र नेपाल क्लियरिङ हाउसबीच सम्झौता

काठमाडौं, ३० मंसिर (कास): एनआईसी एशिया बैंकले संस्थागत ग्राहकहरुका लागि बैंक खाताबाटै विद्युतीय भुक्तानी गर्न सकिने 'कर्पोरेट-पे' प्रणालीको सुरुवात गरेको छ । यस सम्बन्धमा बैंकले नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग सम्झौता गरेको छ। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र क्लियरिङ्ग हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरे ।




बैंकले आफ्ना सम्पूर्ण संस्थागत ग्राहकहरुलाई प्रदान गर्ने उक्त डिजिटल प्रणालीमार्फत ग्राहकहरु बैंकमा उपस्थित नभई रकम स्थानान्तरण, तलब भुक्तानी, भेन्डर भुक्तानी, सरकारी राजस्व भुक्तानीलगायत अन्य विभिन्न व्यावसायिक भुक्तानीहरू आफ्नो बैंकमा रहेको बैंक खाताबाट सजिलै गर्न सक्ने बताइएको छ । उक्त प्रणाली मार्फत कनेक्ट आइपीएस वा एनसीएचएल आइपीएस भुक्तानी कारोबारहरू गर्न सकिने सुविधा रहेको बताइएको छ।

'कर्पोरेट-पे' प्रणाली सुरुवात गर्नका लागि ग्राहकहरुले आवश्यक प्रकृया पूरा गरी आवेदन दिन सक्ने बैंकले जनाएको छ । यस प्रणाली सुरुवात भएसँगै प्रयोगकर्ताहरू आफैंले तोकिएको कारोबार सीमाभित्र कुनै पनि भुक्तानीहरू बैंकको प्रत्यक्ष संलग्नता बिना नै गर्न सक्ने बताइएको छ। यस प्रणालीको सुरक्षित प्रयोग गर्न मल्टीलेयर अथेन्टिकेसनको व्यवस्था गरिएको छ भने कुनै पनि कारोबार प्रविष्ट गर्न र स्वीकृत गर्न ग्राहक आफैंले निर्धारण गरेको आधिकारिक प्रयोगकर्ताहरूले मात्र पाउने बैंकले जनाएको छ। ग्राहकहरुले आवश्यकता अनुरुप यस प्रणालीमा एक भन्दा बढी बैंक खाताहरू समेत आबद्ध गरी कारोबार गर्न सकिने सुविधा रहेको छ। यस प्रणालीको प्रयोगले बैंकको शाखामा नपुगी विभिन्न भुक्तानीहरू अनलाइनबाट नै गर्न सकिने हुँदा व्यावसायिक ग्राहकहरूलाई अझ सहज बैंकले अपेक्षा लिएको छ।

बैंकले सातै प्रदेशमा रहेका ३३३ शाखा कार्यालयहरू, ४७० एटिएम, ९६ वटा एक्स्टेन्सन काउण्टर एवं ७४ वटा शाखा रहित बैंकिङमार्फत् बैंकिङ सेवा प्रदान गर्दै आएको छ। २२ लाख भन्दा बढी ग्राहक रहेको बैंकका प्रमुख वित्तीय परिसूचकहरू उत्साहप्रद रहेको बताइएको छ।

# साल्ट ट्रेडिङ कर्पोरेसनले ३५% लाभांश दिने

काठमाडौं, ३० मंसिर (कास) : साल्ट ट्रेडिङ कर्पोरेसन सेयरधनीलाई २५ प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश दिने भएको छ। मंगलबार सम्पन्न कर्पोरेसनको ५३ औं साधारण सभाले उक्त बोनस र लाभांशको प्रस्ताव गरेको हो । गत आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा विभिन्न क्रियाकलापहरुका बारेमा छलफल गर्दै सभाले वार्षिक प्रतिवेदन पारित गरेको कम्पनीले जनाएको छ।




कम्पनीले गरिरहेको नुन, चिनी र रासायनिक मल लगायतको व्यापारिक कारोबार सन्तोषजनक रहेको र विभिन्न क्षेत्रको लगानी उपलब्धिमूलक रहेको साधारणसभाको निष्कर्ष छ।

गत आर्थिक वर्ष कम्पनीले ८ अर्ब २५ करोड रुपैयाँको कारोबार गर्दै ७३ करोड १४ लाख रुपैयाँ मुनाफा आर्जन गरेको छ। कर्पोरेसनले अंगालेको व्यापार विविधिकरणको नीति अनुरुप थप चुक्ता पुँजीको आवश्यकता पर्ने भन्दै गत वर्षको मुनाफाबाट सेयरधनीहरुलाई १० प्रतिशत नगद लाभांशबापत १ करोड ५३ लाख ५७ हजार ५८० रुपैयाँ र ३ करोड ८३ लाख ९३ हजार ९५० रुपैयाँ बराबरको २५ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्तावलाई सभाले स्वीकृत गरेको हो । कम्पनीले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आफूलाई स्थापित गर्न सृजनशील कारोबारको खोजी गर्दै व्यापार विविधिकरणतर्फ उन्मुख हुने जनाएको छ।

# सनराइज बैंकका ग्राहकलाई सिद्धार्थ हस्पिट्यालिटीमा छुट

काठमाडौं, ३० मंसिर (कास) : सनराइज बैंकले आफ्ना ग्राहकहरुको सहजता तथा सुविधालाई मध्यनजर गर्दै अस्पताल, रेष्टुरेन्ट तथा विभिन्न क्षेत्रमा विशेष छुटसहितका सुविधा दिँदै आएको छ।

त्यसै क्रममा बैंकले होटल क्षेत्रमा समेत विभिन्न छुट दिने उद्देश्यले सिद्धार्थ गुप्र अफ हस्पिट्यालिटीसँग सम्झौता गरेको छ। सनराइज बैंक लिमिटेड तथा सिद्धार्थ गुप्र अफ हस्पिट्यालिटीबीच बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको छ। सम्झौता अनुसार बैंकका ग्राहकहरुले सिद्धार्थ गुप्रका होटलहरुमा खान, बस्न तथा बेबरेज जस्ता सुविधाको भुक्तानी गर्दा सनराइज बैंकको क्रेडिट तथा डेबिट कार्ड देखाएर वा कार्डमार्फत भुक्तानी गर्दा १० प्रतिशतको छुट लिन सक्नेछन्।

उक्त सम्झौता पश्चात सिद्धार्थ ग्रुपअन्तर्गत रहेका काठमाडौं उपत्यका तथा उपत्यका बाहिर महेन्द्रनगर, कैलाली, बुटवल, सुर्खेत, बिर्तामोडलगायतका अन्य जिल्लाहरुमा रहेका होटल, रिसोर्ट, रेष्टुरेन्ट तथा क्याफेहरुमा पनि ग्राहकहरुले छुटको लाभ लिन सक्नेछन्। बैंकले 'स्मार्ट बनौं, डिजिटल बैंकिङ्ग गरौ' अभियान अनुरुप आफ्ना ग्राहकहरूलाई नबिनतम् सेवा प्रदान गर्दै आएको र ग्राहकहरुको अपेक्षाअनुरुप सेवा सुबिधाहरु थप गर्दै जाने बैंकले जनाएको छ।

# वाणिज्य विभागमा सिभिल बैंकको काउन्टर

काठमाडौं, ३० मंसिर (कास): सिभिल बैंकले वाणिज्य आपूर्ति तथा उपभोक्ता हित सरक्षण विभागको कार्यालय बबरमलहमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा सोमबारदेखि नयाँ काउन्टर सुरु गरेको हो । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदी तथा सिभिल बैंकका डिपोजिट तथा ट्रान्जेक्सन बैंकिङ विभागका प्रमुख भोलाबहादुर बिष्टले संयुक्तरुपमा काउन्टरको उद्घाटन गरेका हुन्।

समृद्धिका लागि सिभिल बैंक भन्ने नाराका साथ अगाडी बढिरहेको सिभिल बैंकले थप सेवा विस्तार गरी बबरमलमा नयाँ काउन्टर सुरु गरेको हो । अब विभागमा आउने सेवाग्राहीहरुले आफ्नो सम्पूर्ण राजस्व तथा दस्तुरहरु सिभिल बैंकको एक्सटेन्सन काउन्टरमार्फत सजिलैसँग भुक्तानी गर्न सक्ने छन् । यसअघि विभागमा आउने सेवाग्राहीले बबरमहलमा रहेको एनएमबी बैंकमा रकम दाखिला गर्नुपर्ने थियो।

कार्यालयमा काउन्टर नहुँदा सेवाग्राहीले रकम दाखिला गर्न कठिन भएको गुनासो गर्दै आएका थिए । सेवाग्राहीको सहजताका लागि कार्यालय परिसरमै बैंकको काउन्टर स्थापना गरिएको विभागका महानिर्देशक सुवेदीले जानकारी दिए। विभागमा दैनिक दुईदेखि तीन सयको संख्यामा सेवाग्राही आउने गरेकाले राजस्व बुझाउन सहज हुने उनको भनाइ छ।

# सेन्चुरी बैंकको ७.५% लाभांश घोषणा

काठमाडौं, ३० मंसिर (कास): सेन्चुरी कमर्सियल बैंकले लाभांश घोषणा गरेको छ । बैंकको सोमबार बसेको सञ्चालक समिति बैठकले आर्थिक वर्ष २०७६/०७७ को नाफाबाट ५.२५ प्रतिशत बोनस र कर प्रयोजन समेत गरी २.२५ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ।

बैंकले आर्थिक वर्ष २०७५/०७६ को नाफाबाट वितरण गर्न बाँकी रहेको बोनस रकम १६ करोड ८३ लाख रुपैयाँसहित हुन आउने चुक्ता पुँजीबाट ५.२५ प्रतिशत बोनस र २.२५ प्रतिशत नगद लाभांश गरी कुल ७.५० प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको हो।

यसर्थ, सेन्चुरीले ४५ करोड ६ लाख ४८ हजार ५०२ रुपैयाँ बराबरको बोनस सेयर वितरण गर्नेछ। यस्तै, १९ करोड ३१ लाख ३५ हजार ७२ रुपैयाँ नगद बाँड्नेछ। यो प्रस्ताव नेपाल राष्ट्र बैंक र आगामी वार्षिक साधारण सभाले पारित गरेपछि सेयरधनीले पाउनेछन्। गत वर्ष बैंकले २५ बोनस र ४.७५ प्रतिशत नगद लाभांश वितरण गरेको थियो।

# प्रभु क्यापिटलको विन्टर अफर

काठमाडौं, ३० मंसिर (कास) : प्रभु क्यापिटल लिमिटेडले सञ्चालन गरेको ३ वर्षे निःशुल्क डिम्याट खाता योजनामा ग्राहकको सहभागीता अझै बढाउन म्याद थप सुविधा ल्याएको छ। घरमै बसीबसी अनलाइनमार्फ तथा प्रभु बैंकको सम्पूर्ण शाखा तथा क्यापिटलको कार्यालयबाट डिम्याट खाता खोल्न चाहने ग्राहकहरुको लागि मंसिर २४ गतेदेखि पौस मसान्तसम्म खाता खोल्दा एक वर्षको लागि निःशुल्क डिम्याट योजना ल्याएको छ । योजनाअन्तर्गत खाता खोल्न चाहने ग्राहकका लागि क्यापिटलले निःशुल्क डिम्याट खाता र मेरो सेयर अनलाइन सेवा प्रदान गर्नेछ।

# पोस्टपेड मोवाइलको रेन्टल शुल्कले प्याक लिन सकिने

काठमाडौं, ३० मंसिर (कास) : नेपाल टेलिकमले पोस्टपेड मोवाइलका ग्राहकले हरेक महिना तिर्दै आएको रेन्टल शुल्कमै अन्य प्याक किन्न सक्ने बताएको छ। पोस्टपेड मोबाइल प्रयोगकर्ताले मासिक ३ सय ८३ सात पैसा रेण्टल शुल्क तिर्नुपर्ने प्रावधान छ । कम्पनीले उपलब्ध गराएको कर्पोरेट युजर ग्रुप (सीयूजी) अफर वा अन्य विशेष पोस्टपेड अफर लिएका ग्राहकहरुको हकमा भने यो रकम फरक हुन सक्ने कम्पनीले जनाएको छ।

पोस्टपेड मोबाइल प्रयोगकर्ताहरुले धेरै सुविधा उपयोग गर्ने भएकाले यो व्यवस्था पहिलेदेखि नै गरिएको हो, जुन अहिले पनि कायम छ। यही रेन्टल चार्ज वापतको रकम पोस्टपेड प्याक खरिद गर्न, कुनै पनि प्याक खरिद नगरी फोन गर्न, एसएमएस गर्न वा डाटा चलाउन पाइने कम्पनीले जनाएको छ।

नेपाली महिनाको अन्त्य अर्थात् अंग्रेजी महिनाको १५ तारिखमा पोस्टपेड मोबाइलको बिल हिसाब गरिन्छ । यो अवस्थामा महिनामा थोरैमात्र रकम प्रयोग गरेको भएपनि ३ सय ८३ रपैयाँ जोडेर त्यो महिनाको हिसाब गरिन्छ । पोस्टपेड ग्राहकको यही अन्यौललाई सम्बोधन गर्नका लागि कम्पनीले हाल ' पोस्टपेड प्याक' उपलब्ध गराइरहेको छ।

पोस्टपेड प्याक लिँदा ग्राहकले रेन्टल चार्जवापतको रकम पनि प्याक खरिदमा उपयोग गर्नसक्ने भएकाले ग्राहक झुक्किने सम्भावना नहुने टलिकमद्वारा जारी विज्ञप्तीमा उल्लेख छ। सो प्याक प्रयोग गरी कम्पनीको नेटवर्क भित्र र बाहिर कल गर्न, एसएमएस पठाउन र डाटा चलाउन सकिन्छ।

टेलिकमले उपलब्ध गराइरहेको पोस्टपेड मोबाइलमार्फत गरिने कलको दर प्रिपेडको तुलनामा सस्तो हुनुका साथै रेण्टल चार्ज समेत उपयोग गर्न सकिने गरी पोस्टपेड प्याक उपलब्ध भएकाले कम्पनीको जिएसएम पोस्टपेड सेवा थप आकर्षक हुने अपेक्षा टेलिकमको छ।

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.**
"Building Inclusive Financial System Extending Service to the Poorest of the Poor"
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)
बुटवल-१२, रुपन्देही, फोन नं. ०७१-४३८१७१, फ्याक्स नं. ०७१-४३८१६९
इमेल: info@jucbank.com.np वेभसाइट: www.jucbank.com.np
को

**हितग्राही खातामा बोनश शेयर जम्मा गरिएको सम्बन्धी सूचना**

यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/०३/२७ गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट लघुवित्त वित्तीय संस्थाका शेयरधनीहरुलाई चुक्ता पूँजीको २५ प्रतिशत बोनश शेयर प्रदान गर्ने विशेष प्रस्ताव पारित भए बमोजिम उक्त बोनश शेयर शेयरधनीहरुलाई वितरण/प्रदान गर्ने सन्दर्भमा उक्त नवौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द हुँदाका वखत अभौतिक रुपमा शेयर धारण गर्नुभएका शेयरधनीहरुलाई बोनश शेयर मिति २०७७/०८/२९ गते शेयरधनीहरुको खातामा जम्मा गरि सकिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

अन्य थप जानकारीका लागि यस लघुवित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध छ।

शेयर रजिष्ट्रार:
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोन: ४४२०९२४/४४२०९२५ फ्याक्स: ४४२०९२९
वेबसाईट: www.siddharthacapital.com
इमेल: scl@siddharthacapital.com

हेटौंडा सिमेण्ट गुणस्तरमा उच्च,
एक पटकको प्रयोग पुस्तौं पुस्ता ढुक्क ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा
संचालित नेपाल कै पहिलो नेपाल गुणस्तर
प्रमाण चिन्ह प्राप्त हेटौंडा सिमेण्ट
"शक्ति" मजबुत निर्माणका लागि
सदैव प्रयोग गरौं ।



हेटौंडा सिमेण्ट उद्योग लि.
केन्द्रीय कार्यालय: लामसुरे, हेटौंडा-९ मकवानपुर
फोन: ०५७-४१२५९५, ९८४५४८४७४१
इमेल: sales@hetaudacement.org.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## यूनिभर्सल पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं।
फोन : ०१-४२५१४६३, ४१०१०९७

### आ.ब. २०७७/०७८ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

क) आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण।

**वित्तीय अवस्थाको विवरण (रकम रू. मा)**

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०७७ सम्ममा | असार मसान्त २०७७ सम्ममा | असोज मसान्त २०७६ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | १,३४९,२७३.०८ | १,४९८,६५०.५३ | १,३५२,०६८.८८ |
| पूँजीगत कार्य प्रगति | २,३२०,९८०,६४४.८० | २,२४५,०२१,७२०.६६ | १,९२८,६३४,९०४.०० |
| शेयर लगानी | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० |
| जम्मा गैह्र चालु सम्पत्ति | २,४६६,५६०,३१७.८८ | २,३९०,७५०,७७१.१८ | २,०७४,२१७,३७२.८८ |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | ८७०,०००,०००.०० | ९१०,०००,०००.०० | ९३०,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | १८,९१३,६६९.८२ | ४९,५७३,४११.११ | ५८,६२९,९६४.४६ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २११,३३९,७५६.५५ | २०३,९७४,३६५.३९ | २६२,९६८,२८७.२६ |
| जम्मा चालु सम्पत्ति | १,१००,२५३,४२६.३७ | १,१६३,५४७,७७६.५० | १,२५१,५९८,२५१.७२ |
| **जम्मा सम्पत्ति** | ३,५६६,८१३,७४४.२५ | ३,५५४,२९८,५४७.६८ | ३,३२५,८१५,६२४.६० |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ११२,४४५,१३५.९३ | १०१,४६८,७६५.६२ | ५८,०८६,४१९.५३ |
| जम्मा पूँजी तथा जगेडा कोष | २,२१२,७९५,१३५.९३ | २,२०१,८१८,७६५.६२ | २,१५८,४३६,४१९.५३ |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,२८८,७७७,५३२.३८ | १,२५३,३७१,६४८.३६ | १,०५२,५२४,१९४.७७ |
| चालु दायित्व र व्यवस्था | | | |
| व्यापारिक र अन्य दायित्व | ६१,५८२,२८५.८२ | ७९,९५७,५११.३५ | ८४,१२५,२२९.७२ |
| अल्पकालीन बैंक ऋण | - | - | १५,३१२,०००.०० |
| अन्य व्यवस्थाहरू | ३,६५८,७९०.११ | १९,१५०,६२२.३५ | १५,४१७,७८०.५८ |
| जम्मा चालु दायित्व तथा व्यवस्थाहरू | ६५,२४१,०७५.९३ | ९९,१०८,१३३.७० | ११४,८५५,०१०.३० |
| **जम्मा पूँजी तथा दायित्व** | ३,५६६,८१३,७४४.२५ | ३,५५४,२९८,५४७.६८ | ३,३२५,८१५,६२४.६० |

**आय विवरण (रकम रू. मा)**

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०७७ सम्ममा | असार मसान्त २०७७ सम्ममा | असोज मसान्त २०७६ सम्ममा |
| **आम्दानी** | | | |
| **विद्युत बिक्री बापत आम्दानी** | - | - | - |
| अन्य आम्दानी | १५,६८१,६८०.९७ | ८३,११२,८५५.४१ | २२,४२५,९१०.५४ |
| जम्मा आम्दानी | १५,६८१,६८०.९७ | ८३,११२,८५५.४१ | २२,४२५,९१०.५४ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | (९५६,५६९.०२) | (६,४६९,४४८.५६) | (१,८६६,६७६.७२) |
| ह्रासकट्टी | (८९,९५१.५४) | (४९९,५५०.१८) | (९०,१३७.९३) |
| जम्मा खर्च | (१,०४६,५२०.५५) | (६,९६८,९९८.७३) | (१,९५६,८१४.६५) |
| आयकर अघिको नाफा | १४,६३५,१६०.४२ | ७६,१४३,८५६.६८ | २०,४६९,०९५.८९ |
| चालू वर्षको आयकर व्यवस्था | (३,६५८,७९०.१०) | (१९,०३५,९६४.१७) | (५,११७,२७३.९७) |
| आयकर कट्टी पछिको नाफा | १०,९७६,३७०.३१ | ५७,१०७,८९२.५१ | १५,३५१,८२१.९२ |

**नोट**: माथि उल्लेखित अंकहरू आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिनेछ । लेखा परीक्षण नभएका अंकहरू लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ।

ख) प्रमुख वित्तीय अनुपातहरू सम्बन्धि विवरण निम्नाअनुसार छन्।

| अवधि | प्रतिशेयर आम्दानी रू.(वार्षिकीकरण) | प्रतिशेयर नेटवर्थ रू. | तरलता अनुपात | प्रतिशेयर कूल सम्पतीको मूल्य रू. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | २.०९ | १०५.३५ | १६.८६ | १६९.८२ | ६१.२३ |

२. **व्यवसायिक विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरण:** यस संस्थाले दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकामा ११ मेगावाट क्षमताको निर्माणाधिन तल्लो खारे खोला जलविद्युत आयोजनाको भौतिक प्रगती विवरण ९८ प्रतिशत सम्पन्न गरिसकेको छ। उक्त जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेकोले आयोजनाको व्यापारिक उत्पादन शुरू भइनसकेको हुनाले संस्थाको विद्युत बिक्रीबाट आम्दानी रहेको छैन।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** हाल यस संस्थाले दोलखा जिल्लामा अवस्थित खारे खोलामा निर्माण गरिरहेको तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा रहेको छ। उक्त आयोजना श्रावण मसान्तमा सम्पन्न गर्ने लक्ष्य संस्थाले लिएकोमा निम्न बमोजिम काबु बाहिरको परिस्थितिका कारणले आयोजना सम्पन्न हुन सकेन।

- यस वर्ष वर्षायामको श्रावण २२, २०७७ मा खारे खोलामा आएको बाढी (Flash Flood) ले डुबानमा पारेको पावर हाउसमा जडित इलेक्ट्रोमेकानिकल उपकरण र सामान्य क्षति पुगेका अन्य भौतिक संरचनाहरूको मर्मत कार्य भइरहेको छ । कम्पनीले माथिल्लो इङ्खु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को अध्ययन गरिरहेको छ। यस कम्पनीले कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा.) निर्माण गर्न लगानी गर्ने सम्झौता गरेको छ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सोसम्बन्धी विश्लेषणात्मक विवरण:** कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबुबाहिर) को असर भने सदा रहिरहने छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण:** यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।

४. **संस्थाको शेयर कारोबारसम्बन्धी विश्लेषण:** (क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:

| | |
|---|---|
| अधिकतम मूल्य रू. | १६०.०० |
| न्यूनतम मूल्य रू. | ६८.०० |
| अन्तिम मूल्य रू. | १२८.०० |
| कारोबार भएको कूल दिन | ६३.०० |
| कारोबार संख्या | २१,२८०.०० |

ख) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:** यस संस्थाको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

५. **समस्या तथा चुनौती:** तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण कार्य सम्पन्न गर्नुपर्ने शुरूको कार्यक्रमलाई २०७२ सालको महाभूकम्प, त्यस लगतै नेपाल भारत सिमा अवरोध र नेपाल विद्युत प्राधिकरणबाट ट्रान्समिशन लाईनको निर्माणमा भएको ढिलाई, साथै हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ का कारण देशव्यापी रूपमा नेपाल सरकारबाट घोषित लकडाउन र यस वर्ष वर्षायामको श्रावण २२, २०७७ मा खारे खोलामा आएको बाढीले गर्दा विद्युत उत्पादनमा ढिलाई हुने भएको छ।

६. **संस्थागत सुशासन:** संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।